"स्वच्छ, शिक्षित एवं सम्बृद्ध कैलाश, कृषि, पर्यटन र पूर्वाधारको योजनाबद्ध बिकास"

# कैलाश गाउँपालिकाको

## आठौं गाउँ सभा मा उपाध्यक्ष श्री सुकुमाया थिङद्वारा प्रस्तुत

## आ.ब. २०७८/७९ को

# नीति तथा कार्यक्रम

यस गरिमामय सभाका अध्यक्ष एवं कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तानज्यु , प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका माननीय सदस्यज्युहरु, सभामा सहयोग पुऱ्याई रहनु भएका सम्पूर्ण कर्मचारी मित्रहरु तथा सभामा उपस्थित महानुभावमा सर्वप्रथम म कैलाश गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिबादन व्यक्त गर्न चाहन्छु। बिगत लामो समय देखि नेपालको बिभिन्न आन्दोलनहरुमा बीरगति प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । विश्वमा हाल फौलिरहेको कोरोना माहामारीबाट पिडित सम्पुर्ण व्यक्तिहरुको शिघ्र स्वस्थ्य लाभको कामना गर्दछु।

**अध्यक्ष महोदय, र माननीय सदस्यज्यूहरु !**

नेपाली जनताको लामो समयसम्मको संघर्ष र वलीदान मार्फत प्राप्त नेपालको संविधान २०७२ को प्रावधान बमोजिम संघीय गणतन्त्रात्मक लोकतान्त्रीक व्यवस्था अन्तर्गत जनताको नजिकको सरकारको रुपमा रहेको कैलाश गाउँपालिकाको चौथो वर्षको आठौं गाउँसभामा पाँचौ तथा अन्तिम वर्षको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा हर्षित भएको छु। संघीयता कार्यान्वयनको सन्दर्भमा स्थानीय सरकारमार्फत नागरीकका चाहना बमोजिम कार्य गर्ने , आफ्नो गाउँ आफै बनाउँ र नेपाल सरकारको सुखी नेपाली समृद्ध नेपालजस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ ।यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा रहने संवैधानिक व्यवस्थाले तल्लो तहलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

**अध्यक्ष महोदय, र माननीय सदस्यज्यूहरु !**

अब म यस कैलाश गाउँपालिकाको आ.ब. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।स्थानीय तहको निर्वाचन पच्छयात चौथो बर्ष पुरा गरि हामी यस कार्यकालको अन्तिम वर्षमा प्रवेश भएका छौ। यस सन्दर्भमा गाउँपालिकाले बिकट भौगोलिक क्षेत्रका नागरिकले प्रत्यक्ष अनुभुत गर्ने योजना तर्जुमा गर्नुको साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, माग र औचित्यमा आधारित बिकास, राष्ट्रले बोकेको सहस्राब्दी लक्ष्य , दीगो बिकासका सुचकहरुमा आधारित गतिबिधिहरु संचालन गरी यस क्षेत्रका जनताको शिक्षा , स्वास्थ्यको बिकास, साथै स्वरोजगार तथा आय–आर्जनमा बृद्धि हुने किसिमका कार्यक्रम संचालन गरि गरीवी न्युनिकरण गर्ने प्रमुख नीति लिइएको छ ।

**आदरणीय महानुभावहरु,**

आगामी आर्थिक बर्षमा कैलाश गाउँपालिकाले नेपालको संबिधान २०७२ , प्रचलित कानून तथा नीति नियम र कार्यबिधिहरु अनुसरण गर्दै सो सम्बन्धि नीति तथा कार्यक्रमको लागि निम्न प्रस्ताव पेश गरेको छु ।

## १. आर्थिक बिकास

## १.१ कृषि

१.१.१ कैलाश गाउँपालिकाको बिकासको मूख्य आधार नै कृषिको बिकास भएकोले **भुगोल अनुसारको कृषि** गर्न गाउँपालिकाको भूगोल, माटोको गुण, क्षमता र अवस्थाअनुसार सिफारिसमा वल्क र पकेट क्षेत्र निर्धारण गरि बाली सिफारिस गरिने छ ।

१.१.२ कृषिको उत्पादकत्व बृद्धि गर्न उन्नत विउ तथा मलखाद तथा सिँचाई तथा कुलो निर्माण तथा मर्मत गरिने छ ।

१.१.३ युवाहरुलाई कृषिमा आकर्षण बढाउन ब्यवसायिक, हाईजेनिक टनेल खेती, बेमौसमी तरकारी खेती तथा नगदेबालीको लागि आवश्यक अनुदानको ब्यवस्था गरिने छ । साथै युवा स्वरोजगार कार्यक्रमका लागि बजेट ब्यवस्था गरिने ।

१.१.४ एक वडा एक नमुना व्यवसायिक तरकारी , पशुपालन तथा फलफुल खेतीको अवधारणलाई सफल पार्न कैलाश–१, मा पशुपालन, तरकारी खेती, कैलाश–२ मा दाँतेओखर, जुनार, अलैची, स्याउ र लप्सी, चिया कैलाश–३ मा अदुवा खेती र बाख्रापालन कैलाश–४ मा सुन्तला, अदुवा, कागती जुनार र बाख्रापालन कैलाश–५ मा तरकारी, बाख्रापालन, किबी, अलैची अम्रिसो, कैलाश–६ तरकारी, किबी, दाँतेओखर, चिया बाख्रापालन कैलाश–७ अदुवा खेती, बाख्रापालन, मौरीपालन, तरकारी खेती कैलाश–८ बाख्रापालन, अदुवाखेती, चिउरीखेती, जुनार र तरकारी कैलाश–९ तरकारी खेती, बाख्रापालन, अदुवाखेती र गाई, भैसीपालन, अमृसो खेती कैलाश–१० तरकारी खेती, बाख्रापालन, अदुवाखेती र गाई, भैसीपालन, अम्रिसो, जुनार खेतीको कार्यक्रमलाई निरन्तरता गरी प्राथमिकताका साथ बजेटको ब्यवस्था गरिने छ ।

१.१.५ बहुउद्देश्यीय आधुनिक नर्सरीलाई ब्यवस्थित गरिदै लगिनेछ र टनेल खेतीलाई ब्यवस्थित र बिस्तार गर्दै लगिनेछ ।

१.१.६ कृषि तथा पशुजन्य उत्पादनलाई प्रशोधन गरि मुल्य अभिवृद्धि श्रृखला (Value Chain) मा रुपान्तरण गरि वढिभन्दा बढिलाभ लिने कार्यक्रम संचालन गरिनेछ।

१.१.७ पशुविमा तथा वालिविमा कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।

१.१.८ परमपरागत खेती प्रणालीलाई विस्थापित गरि नगदे वाली र उन्नत जातका पशुपालनमा जोड दिइनेछ।

१.१.९ उत्पादित कृषि तथा पशुजन्य उत्पादनको लागि उचित मुल्यको बजारको खोजी गर्न आवश्यक पहल गरिने छ ।

१.१.१० जनताका खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन बिभिन्न खाद्य बालीको उन्नतजातका बिउबिजन अनुदानमा उपलब्ध गराईने छ र कृषिलाई क्रमश: आधुनिकीकरण गर्दै लगिने छ।

१.१.११ साना किसान सहकारी संस्थामा बढि भन्दा बढि कृषलाई आबद्ध गरी सो संस्था मार्फत आय आर्जन तथा स्वरोजगार मुलक कार्यक्रम संचालन गरिनेछ।

१.१.१२ न्युन आय भएका ब्यक्तिहरुको जिवनस्तर सुधार गर्न सामुहिक पशुपालन तथा कृषि उत्पादनलाई जोड दिई समग्र जनताको जीवनस्तरमा सुधार ल्याउन जोड दिईने छ ।

१.१.१३ गाउँपालिकाका कृषकहरुको समस्याहरुलाइ मध्येनजर गदै आगामी वर्षदिख रसायनिक मल सहुलियत दरमा उपलव्ध गराइ कृषि उत्पादन वृद्धि गर्न यूरीया डिएपी लगायत सवै मलमा प्रति के जी २ रुपैयाका दरले अनुदान उपलव्ध गराइने छ ।उत्तः कार्यको लागी आवश्यक मलखाद खरिद भण्डारण तथा विक्रीका लागी उपयुत्त स्थानमा भण्डारण निर्माण गरिन्छ ।

१.१.१४ सार्वजनिक जग्गाहरुको पहिचान गरि उक्त जग्गाहरुमा जडीवुटीमुलक , औषधीमुलक विरुवाको खेती गरिनेछ।

१.१.१५ फलफुल खेति, कोषेवाली खेतीलाई प्रवर्धन गर्न विउ तथा बेर्ना वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## १.२. उद्योग तथा वणिज्य

१.२.१ यस गाउँपालिका क्षेत्रभित्र साना, मझौला तथा ठुला उद्योग स्थापनाका लागी आवश्यक वातावरण श्रृजना गरिने छ ।

१.२.२ नागरिकको सामुहिक लगानीमा मात्र प्राकृतिक श्रोतमा आधारित उद्योगहरु (नदिजन्य बनजन्य काठसमेत) स्थापना गर्नको लागी आवश्यक पहल गरिने छ ।

१.२.३ यस गाउँपालिकाभित्र संचालनमा रहेका बिभिन्न ब्यापार तथा ब्यवसाय दर्ताको लागी प्रत्येक वडामा घुम्ति शिविर संचालन गरिने छ ।

१.२.४ सरोकारवालाहरुको हितका लागी गाउँपालिका स्तरिय उद्योग वाणिज्य सँघ गठन गर्न आवश्यक पहल गरिनेछ ।

१.२.५ घरेलु तथा कुटिर उद्योग स्थापनमा सहयोग गरिनेछ।

१.२.६ कृषि उत्पादन गर्ने उद्योगलाई अनुदान र सहुलियत उपलब्ध गराईनेछ।

## १.३. पर्यटन

१.३.१ कैलाश बैकुण्ठ, कालिका मन्दिर लगायत धर्मिक पर्यटन बिकासको डिपिआर निर्माण भईसकेको र देखारी पर्यटन बिकास, रानीपोखरी पिकनिक पार्क लागि डिपिआर निर्माण भइसकेकोले , बोल्नेडाडा, दुम्सीखर्क, गुप्तेश्वर गुफा, घैराङ, चापचौरको धार्मिक तथा पर्यटन बिकासको लागी स्थानीय प्रत्यक्ष जनसहभागीतामा योजना अगाडी बढाईने छ र डिपिआर निर्माण भईसकेको पर्यटन पुर्वाधार विकास गर्न संघ, प्रदेश र स्थानिय तहको संयुक्त पहलमा आवश्यक बजेट ब्यवस्था गरि कार्य अघि बढाईनेछ ।

१.३.२ स्थानीय जनताको प्रत्यक्ष सहभागितामा संञ्चालन हुने होमस्टे स्थापनाको लागी प्रोत्साहन गरिने छ ।होमस्टे संचालन गर्न इच्छुक ब्यक्तिहरुलाई तालिम अध्ययन, भ्रमण र अनुदान सहयोग गरिनेछ।

१.३.३ जुरेथुप भकुन्डे पर्यटन, बैकुण्ठ पकनी खर्क भिउटावर डि.पि.आर., सेरकल ज्योहो, मनजु ज्योहो, ज्यान्द्रुङ चमेरो गुफा डि.पि.आर., विश्व शान्ति गुम्बा डि.पि.आर. तयार गरिनेछ।

१.३.४ बैकुण्ठ पर्यटन पुर्वाधार निर्माणका लागी संघ/प्रदेश सरकारबाट बिनियोजित रकममा गाउँपालिकाको तर्फबाट ब्यहोर्नु पर्ने दायित्व बहन गरी समय भित्रै सो योजना सम्पन्न गरीनेछ।

## १.४ सहकारी

१.४.१ सामाजिक तथा आर्थिक बिकासका लागी सहकारी स्थापना, संचालन तथा प्रभावकारी सेवाको लागी शेयरधनि, संचालक, ब्यवस्थापक र कर्मचारीहरु लाई क्षमता बिकास सम्बन्धि तालिमहरु प्रदान गरिने छ ।

१.४.२ कृषि तथा पशुपालन सहकारी संस्था स्थापनमा उत्प्रेरित गरिनेछ।

१.४.३ सहकारी संस्थालाई लेखा ब्यवस्थापन तालिम प्रदान गरिनेछ।

## १.५ वित्तिय क्षेत्र

१.५.१ स–साना सहकारीहरुलाई एकिकृत गराई पूँजिबृद्धि मार्फत ग्रामिण क्षेत्रमा प्रभावकारी सेवाका लागि पहल गरिने छ ।

१.५.२ गाउँपालिकाभित्र बिभिन्न (क) वा (ख) बर्गका बित्तिय संस्थाहरु स्थापनाका लागि आवश यक पहल गरिने छ ।

# २. सामाजिक बिकास :

## २.१ शिक्षा:

२.१.१ कैलाश –९ कालिका उच्च मा.बि. मा संचालित प्राविधिक शिक्षालयमा आवश्यक सहयोग गरिनेछ।

२.१.२ गाउँपालिका भित्रका बिद्यालयहरुमा बिद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको ब्यवस्था गर्न शैक्षिक ब्यवस्थापन कोष स्थापन गरिनेछ।

२.१.३ यस गाउँपालिकामा संचालनमा आएको एक मात्र आवसीय बिद्यालय कालिका मा .बि. नामटार लाई आवश्यक बजेटको ब्यवस्था गरि थप ब्यवस्थित गरिने छ ।

२.१.४ पढ्न जाने उमेरका बिद्यालय बाहिर रहेका सम्पूर्ण वालवालिकाहरुलाई बिद्यालयमा ल्याउनका लागी सतप्रतिशत भर्ना अभियान संचालन गरिनेछ।

२.१.५ यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गर्न आवश्यकता अनुसार शिक्षकहरुको क्षमता बिकासका लागि शिक्षण सिकाईसम्बन्धि तालिम संचालन गरिने छ ।साथै जातिय वाहुल्यताका आधारमा मातृ भाषामा शिक्षा उपलव्ध गराउन विद्यालयहरुको पहिचान गरिनेछ ।

२.१.६ सम्पूर्ण बिद्यालयमा वालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणलाई अघि बढाईने छ ।

२.१.७ शैक्षिक गुणस्तर बृद्धि गर्न र ब्यवस्थापकीय पक्षलाई चुस्तदुरूस्त बनाउन गाउँपालिका स्तरिय अवश्यक पुर्वाधारको बिकास गरिने छ, साथै बि.व्य.स. का पदाधिकारीहरुलाई क्षमता र नेतृत्व बिकास तालिम प्रदान गरिने छ ।

२.१.८ शैक्षिक गुणस्तर, विधार्थीहरूको नियमित क्षमता परीक्षण एवम् शैक्षिक उपलव्धिको आधारमा विद्यालयहरुलाई पुरस्कृत र अनुदान व्यवस्था गरिनेछ।

२.१.९ प्राविधिक शिक्षालय संचालन गरि पठनपाठन गराउने ईच्छुक विद्यालयहरुलाई अनुदान सहयोगको व्यवस्था गरिनेछ।

२.१.१० रिक्त शिक्षक दरबन्दि यथाशिघ्र पदपुर्ति गरि शिक्षक अभावहुन दिईने छैन।

२.१.११ आगामी आर्थिक बर्षबाट लागु हुने गरि दलित तथा अति बिपन्न जेहेन्दार बालबालिकाका लागी उच्चा शिक्षा अध्ययन कोष स्थापना गरिनेछ

२.१.१२ न्युन बेतन कामकाज गर्दै आइरहेका ECD शिक्षक तथा विद्यालय कर्माचारीलाई न्यायोचित तलब सुविधाको ब्यवस्था गरिनेछ।

२.१.१३ शिक्षाको गुणस्तर विकास गर्नको लागी शिक्षकलाइ समय सान्दर्भिक तालिम उपलव्ध गराइनेछ ।

२.१.१४वडा शिक्षा समिति, गाउँ शिक्षा समिति र शिक्षा शाखा मार्फत विद्यालय अनुगमन, कक्षा निरिक्षण, सुचकमा आधारित अनुगमण प्रणाली मार्फत शौक्षिक गुणस्तर सुधार गर्दै लगिनेछ।

## २.२ स्वास्थ्य:

२.२.१ जनताको स्वास्थ्य सम्बन्धि मौलिक हकलाई प्रत्यभुत गर्न तथा स्वास्थ्यका पहुँचमा अभिवृद्धी गरिनेछ । साथै महिला तथा वालवालिका र ज्येष्ठ नागरिकहरुको लागि आवश्यकताअनुसार प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ

२.२.२ सम्पूर्ण जनतालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सबै वडाहरुमा स्थापित स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रहरुको सुधार गर्दै लगिनेछ।

२.२.३ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रत्येक घरपरिवारको अनिबार्य स्वास्थ्य बिमा यसै बर्ष सम्पन्न गरिनेछ ।साथै न्युन आय भएका २०० घरपरिवारलाई नि:शुल्क स्वास्थ्य बिमा गरिनेछ ।

२.२.४ “स्वास्थ्य आमा स्वास्थ्य शिशु” कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य समस्या समधानका लागि गाउँपालिका श्रेत्र भित्र निःशुल्क एम्बुलेन्स सेवा र पोषण कार्यक्रम संचालन गरिनेछ।

२.२.५ बिद्यालयमा अध्ययनरत छात्राहरुका लागि स्थानीय स्तरमै निर्माण गरिएको स्यानेटरी प्याड नि:शुल्क वितरण गरिनेछ ।

२.२.६ खोपयुक्त गाउँपालिकालाई दिगो बनाई राख्न र कुपोषणको पहिचाहन गरि शिघ्र कुपोषण न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

२.२.७ महिलाहरुको लागि स्तन, पाठेघरसम्बन्धि क्यान्सर र आङ खस्नेसम्बन्धि रोगको शिविर संञ्चालन गरिनेछ ।

२.२.८ गाउँपालिकाको मातहातमा रहेको माथिल्लो क्षेत्रमा १ , तल्लो क्षेत्रमा १ गरि २ वटा एम्बुलेन्स सेवालाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ।

२.२.९ महामारीको रुपमा फैलीरहेको कोरोना भाइरसको दोश्रो लहर नियन्त्रणलाइ प्रभावकारी बनाउन स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ ईकाईहरुमा अक्सिजन सहितको बेड र आवश्यक औषधी तथा उपकरणको व्यवस्था गरिनेछ।

२.२.१० कोरोना भाईरस Covid-19 का कारण फौलिएको महामारी नियन्त्रण गर्न वडा वडामा जनचेतना मुलक कार्यक्रम र खोप कार्यक्रम संचालन गरिनेछ।

२.२.११ स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माण र मर्मत गर्न प्रयाप्त बजेटको ब्यवस्था गरिनेछ।

२.२.१२ गाउँपालिकाद्वारा संचालित कोभिड आईसोलेसन केन्द्रको क्षमता वृद्धि गर्दै थप सुरक्षित र प्रभावकारी वनाईनेछ। Covid-19 तथा माहामारी रोग रोकथाम तथा नियन्त्रण गर्न कोष स्थापना गरी परिचालन गरिनेछ।

## २.३ खानेपानी तथा सरसफाई

२.३.१ "स्वच्छ र सुन्दर गाउँघर, स्वास्थय जिवनको आधार" लाई मूर्तरुप दिन गाउपालिका भरिका स्वच्छ खानेपानी अभाव भएका टोलवस्तिहरुमा खानेपानीका आवश्यक प्रबन्ध मिलाईने छ।

२.३.२ पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागी एकघर एक शौचालयसम्बन्धि नीतिलाई कडाईका साथ लागु गरिनेछ, आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण गरिने छ ।

२.३.३ शहरी तथा शहरोन्मुख बस्तीहरुमा सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।

२.३.४ "मुहानदेखी मुखसम्म सुरक्षित पानी स्वस्थ जिन्दगानी" भन्ने अभियान जनजनमा पुऱ्याई हरेक क्षेत्रका सरसफाईलाई महत्वका कार्यक्रम बनाई अघि बढाईनेछ ।

२.३.५ गाउपालिकामा शौचालय निर्माण गरेका घरपरिवार सबैलाई सरसफाई परिचय -पत्र वितरण गरिनेछ।

२.३.६ सरसफाई परिचयपत्र प्राप्त घरपरिवारलाई राज्यबाट दिने सेवा सुविधामा प्राथमिकता दिने नीति लिईनेछ।

२.३.७ खानेपानी मुहानको सरसफाईलाई प्राथमिक्ता राखिनेछ।

२.३.८ गाउँपालिका भित्र संचालित बिभिन्न खानेपानि तथा सरसफाइ कार्यक्रमलाई एकिकृत र दिगो रुपमा संचालन गर्न गाउँपालिका स्तरिय खानेपानि बोर्ड गठन गर्न नीतिगत व्यवस्था गरिनेछ।

## २.४ संस्कृति प्रवर्द्धन

२.४.१ कैलाश-२ बैकुण्ठमा घाटुनाच, जनजातिको ईतिहास र संस्कृति प्रवर्द्धनका लागी तामाङ संग्रहलय स्थापना गर्ने, नामटारको स्यार्सेकालिका मेला, कालिकाटारको कालिकामेला,

गोगनेको चौकिटार मेलालगायत अन्य स्थान र जाति बिशेषका धार्मिक तथा साँस्कृतिक मेला पर्वको बिकास र संरक्षणको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

२.४.२ गाउँपालिकाभित्रका मठमन्दिर, गुम्बा, चर्च र मस्जिद आदिको संरक्षणको लागि आवश्यक कार्य गरिने छ ।

२.४.३ भाषा, कला, संस्कृतिको संरक्षण र सम्वर्धनका लागी विषेष कार्यक्रम संचालन गरिनेछ।

## २.५ लैंगिक समानता, सामाजिक न्याय तथा समावेशीकरण

२.५.१ एकल तथा विपन्न महिलाहरुलाई आयआर्जन तथा सिपमूलक कार्यक्रम संचालन गर्न वजेटको ब्यवस्था गरिनेछ ।

२.५.२ महिला शसक्तिकरण कार्यक्रम, घरेलु हिंसालगायत सबै प्रकारका हिंसा र बिभेदहरुको अन्त्यका लागि कार्यक्रमहरु संचालन गर्न वजेटको ब्यवस्था गरिनेछ ।

२.५.३ दलित, जनजाति, सिमान्तकृत र अपाङ्गहरुको लागि जिविकोपार्जन कार्यक्रम संचालन गरि आत्मनिर्भर बनाउन र जेहेन्दार तथा बिपन्न छात्रछात्राहरुलाई उच्च शिक्षा एवं प्राविधिक शिक्षा अध्ययन तथा लोकसेवा, शिक्षक सेवा र अन्य स्थायी सरकारी सेवा प्रवेशका तयारी कक्षा संचालन गर्न कार्यक्रमका साथ बजेट बिनियोजन गरिने छ ।

२.५.४ वालमैत्री स्थानीय शासन पूर्णरुपमा लागु गर्न बिशेष जोड दिईनेछ , यस आ.व. भित्र बालमैत्री गाउँपालिका घोषना गर्न अभियान संचालन गरिनेछ।

२.५.५ ज्येष्ठ नागरिकहरुलाई सम्मानका साथै नियमित स्वास्थ्य जाँच गर्न ब्यवस्था मिलाईनेछ।

२.५.५ टोलटोलमा सामजिक सुरक्षा भत्ता वितरण कार्यको सुरुवात गरिनेछ र सामाजिक सुरक्षा वितरण गर्दा सासु प्राप्त गर्ने नागरिकको स्वास्थय परिक्षण गर्ने व्यवस्था गरिनेछ ।

## २.६ खेलकुद विकास

२.६.१ खेलकुदका माध्यमबाट स्वास्थ्य युवा जनशक्ति निर्माण गरी कैलाशको विकास प्रयासमा सामेल गरिनेछ।

२.६.२ वडा स्तरिय, गा.पा. स्तरिय खेलकुद प्रतियोगिताहरु युवाहरुको चाहान बमोजिम संचालन गरिनेछ।

२.६.३ जिल्ला स्तरिय खेलकुद प्रतियोगिताहरुमा कैलाशको उपस्थितिलाफ सार्थक बनाउन नियमित अभ्यास र प्रशिक्षण गरिनेछ।

२.६.४ यस कैलाश गाउँपालिकाबाट प्रतिनिधित्व गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भइ पदक जित्ने खेलाडिहरुलाई उचित सम्मान र पुरसकारको व्यवस्था गरिनेछ ।

# ३. पूर्वाधार बिकास

## ३.१ सडक तथा पुल (झो.पू)

३.१.१ चुनिया, नामटार, कालिकाटार, भार्ता, सानोडाडाखर्क, छ्याङदुङ–खोलाखर्क–डाडाखर्क हुदै पकनी गोगने मोटरबाटो (कैलाश मार्ग) बाऱ्है महिना नियमित संचालन गर्न प्राथमिकताका साथ बजेट बिनियोजन गरिनेछ । साथै खोलाखर्क–बैकुण्ठ सडक, भार्ता–

रुपराङ–पाख्रेबेशी–गोकुप–सडक, गोगनेमोड–चौकिटार–कटहरे–बिमिरे सडक, केउरेनी कप्सेरी सडक, मानेडाडा भुत्य दोलाधनी सडक, दुम्सीखर्क सानुलेक मझुवा दोभान सडक, सोलाभञ्ज्याङ कालीखोला सडक, डाडेबास गोलढुंगा सडक लगायत अन्य शाखा सडकहरुको मर्मत तथा स्तरउन्नतिका लागी आवश्यक बजेट बिनियोजन गरिने छ ।

३.१.२ घटटे खोला, राउते खोला, छयाडदुग दोभान, घुमाउने पक्कीपुल निर्माण तथा अन्य झो.पू निर्माण तथा मर्मतको लागी बिशेष पहल गरिने छ ।

३.१.३ सानोडाडाखर्क कैलाश बैकुण्ठ गजुरी मोटरबाटो, पकनी–कप्सेरी– भार्ता– सरिखेत–मनहरी मोटरबाटो, गोगने–कालिकाटार सडक, स्यार्से–घैराङ निर्माणमा निरन्तरता दिईनेछ।साथै आवश्यकता अनुसार अन्य सडक बिस्तार गरिदै लगिनेछ ।

३.१.४ अधुरा तथा क्रमागत सडक तथा मोटररेवल पुल तथा झो.पु.हरुको निर्माण कार्य यस आ.व. भित्र सम्पन्न गरि बजेट विनियोजन गरिनेछ।

## ३.२ सिंचाई

३.२.१ चालु सिंचाई योजनाहरुलाई आवश्यक मर्मत सम्भार र नयाँ सिंचाई योजना निर्माण तथा लिफ्ट सिचाई निर्माणका लागी बिशेष प्राथमिकता साथ बजेट बिनियोजन गरिने छ ।

## ३.३ भवन तथा सहरी बिकास

३.३.१ बस्ति बिकास तथा भवन निर्माण आचार संहिता पूर्ण पालना गरिनेछ ।

३.३.२ ब्यवस्थित वस्ति बिकासका लागी आवश्यक पहल गरिने छ ।

३.३.३ सडक अधिकार क्षेत्रको पालना हुने गरि पक्कि संरचना तथा घर निर्माण गर्दा नक्सापास कार्यलाई अनिवार्य गर्दै लगिनेछ।

३.३.४ गाउँपालिका कार्यालय, सबै वडा कार्यालय ६वटा मा .वि., ६ वटा स्वास्थ्य चौकी, नि.मा.वि सबैमा ईहाजिरी जडान गरी अनिवार्य गराउने।

## ३.४ उर्जा तथा साना जलबिद्युत, बैकल्पिक उर्जा

३.४.१ आ.ब. २०७८/७९ भित्र गाउँपालिकाका सबै वडाहरुमा बिद्युतिकरण कार्य सम्पन्न गरिने छ ।

३.४.२ बैकल्पिक उर्जा प्रबिधि लाई प्राथमिकता दिई बजेट बिनियोजन गरिने छ ।

३.४.३ कैलाश ३ नागछेडा जलबिद्युय आयोजना निर्माण गर्न बिशेष पहल गरिने छ ।

## ३.५ संचार

३.५.१ गाउँपालिका केन्द्र लगायत सबै वडा कार्यालयहरुमा संचार पहुँच पुऱ्याउन नेट ईन्टरनेट सुविधा ब्यवस्था गरिने छ ।

३.५.२ साना शहरी क्षेत्र लगायत केन्द्र बजारहरुमा Free Wifi Zone कायम गर्न पहल गरिनेछ।

३.५.३ सबै वडा कार्यलयहरुमा भरपर्दो ईनटर्नेटको व्यवस्था गरि Online सेवाहरु संचालन गर्ने नीति लिइनेछ।

# ४ वातावरण तथा बिपद् व्यवस्थापन

४.१.१ वातावरण तथा बिपद् ब्यवस्थापन समिति गठन तथा बिपद् ब्यवस्थापन कार्ययोजना निर्माण गरि बिपद् ब्यवस्थापन कोष स्थापना गरि विपद् व्यवस्थापन कार्य अघि बढाईने छ ।

४.१.२ आपतकालिन उद्दार कार्यलाई प्रभावकारी बनाउन स्थानीय युवा तथा सुरक्षा निकाय र रेडक्रस लगायत सरोकारवालाहरुको सहभागितामा गाउँपालिका स्तर तथा वडास्तरमा आपतकालिन उद्दार तथा सहयोग समिति गठन गरिने छ ।

४.१.३ विपदको अवस्थामा तत्काल राहत र पुननिर्माण कार्य संचालन गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

## ४.१ वन तथा भूसंरक्षण

४.१.१ गाउपालिका भित्रका सबै सामुदायिक बन समुहहरुको उचित ब्यवस्थापन तथा नियमन गरिदै लानेछ ।

४.१.२ नदि उकास जमिन भीरपाखा पखेरा तथा खाली पर्ति जग्गा र कैलाश मार्गको आवश्यक दुबै किनारामा अनिबार्य रुपले भेगिय अनुसार बिभिन्न जातका बिरुवाहरु रोप्ने कार्य गरिने छ ।

४.१.३ कैलाश गाउँपालिकाको बन ऐन तर्जुमाको लागी आवश्यक नीतिगत ब्यवस्था गरिनेछ।

## ४.२ जलाधार संरक्षण

४.२.१ नदि, खोला, कुवा, तथा सिमसार क्षेत्रको उचित संरक्षणमा बिशेष जोड दिईने छ ।

४.२.२ उपयुक्त स्थानको पहिचान गरि कृतिम पोखरी तथा तालहरुको निर्माण गरिने छ ।

## ४.३ वातावरण

४.३.१ गाउपालिका स्तरमा निर्माण गरिने सबै योजनाहरु वातावरण मैत्री बनाई वातारवरण संरक्षणमा जोड दिईने छ ।

४.३.२ वातावरण बिद्हरुको अध्ययन अनुसन्धान रिपोर्ट अनि सिफारिसका आधारमा प्रकृतिक श्रोतहरुको उत्खनन् तथा उपयोग गर्ने नीति अवलम्बन गरिने छ ।

४.३.३ वातावरण संरक्षण सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

## ४.४ जलवायु परिवर्तन

४.४.१ जलबायु अनुकुलित बिकास कार्यक्रम संचालन गरि हरित अर्थतन्त्रको प्रर्द्धन गर्न पहल गरिनेछ, साथै जलबायु परिवर्तन संग सम्बन्धित सरोकारवालासंग समन्वय सहकार्य गरि अघि बढ्ने नीति अख्तियार गरिने छ ।

४.४.२ वातावरणीय प्रतिकूल असर पर्ने सबै गतिविधि निषेध गरिदै लगिने छ ।

## ४.५ फोहरमैला व्यवस्थापन

४.५.१ सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ र जथाभवी फोहोर गर्ने आमनागरिकहरुलाई दण्ड जरिवाना गरिने नीति लिईनेछ ।

४.५.२ सरकारी, गैरसरकारी, कार्यालय बाक्लो टोलवस्ति बजार क्षेत्रहरुबाट निस्केका फोहोर संकलन गरि उपयुक्त ब्यवस्थापनको प्रबन्ध मिलाईने छ ।

## ४.६ जलउत्पन्न प्रकोप नियन्त्रण

४.६.१ बिभिन्न जोखिममा रहेका वस्ति, सडक, भवन, बाटो, खेतीयोग्य जमिनको बचाउ र संरक्षणका लागी बिशेष बजेटको प्रबन्ध मिलाईने छ ।

**४.७ विपद् व्यवस्थापन, वारुण यन्त्र संचालन**

४.७.१ आपतकालिन बिपद् ब्यवस्थापन योजना अनुसार बाढी, पहिरो, नदि कटान, आगलागी, चट्ट्याङ, बिद्युतिय कारण तथा रोग जन्य माहामारी लगायत अन्य दैविक कारणबाट उत्पन्न हुने बिपद्हरुलाई समयमै ब्यवस्थापन गर्नका लागी बिशेष बजेट बिनियोजन गरिने छ ।

४.७.२ चट्याङको जोखिम युक्त क्षेत्र तथा वस्तीहरुमा जोखिम न्युनिकरणको कार्यक्रम संचालन गरिनेछ।

## ५. संस्थागत बिकास तथा सेवा प्रवाह

### ५.१ सामान्य सेवा

५.१.१ गाउपालिकाका सम्पूर्ण कर्मचारीहरु, जनप्रतिनीधि, निर्माण समितिका पदाधिकारी, संघ–संस्था, गाउपालिका अन्तरगतका बिभिन्न समुहका पदाधिकारीहरु लाई नेतृत्व, क्षमता विकास कानुन, तथा काम, कर्तब्य र अधिकारसम्बन्धि भ्रमण, तालिम, गोष्ठी अभिमूखिकरण कार्यक्रम संचालन गरिने छ ।

५.१.२ गाउँपालिका र गाउँपालिका अन्तरगतका कार्यालयद्वारा सम्पादन गरिने सेवाहरुमा छिटो छरितो सरल र सहजता ल्याउनको लागि गाउँपालिकाको क्षमता अनुसार जनप्रतिनीधि र कर्मचारीहरुमा उत्साह बृद्धि गर्न थप सेवा सुविधासहितको कार्य सम्पादनमा आधारित प्रोत्साहन सम्बन्धि कार्यक्रम कार्यन्वयनमा ल्याईनेछ ।

५.१.३ जिम्मेवारी बहन नगर्ने कार्मचारी, अन्य सरकारी, गैर सरकारी संघ–संस्था, निर्माण कम्पनी, निर्माण समिति र अन्य समुहहरुले पाउने सेवा सुबिधा क्रमश: स्थगित, रोक्का, खारेज, र नियमानुसार कार्वाहीको दायरामा ल्याईनेछ ।

५.१.४ गाउँपालिकाको स्वीकृत रिक्त दरबन्दीमा र आवश्यकता अनुसार प्रविधिक र कार्यालय सहयोगी पदहरुमा नियमानुसार करारमा पदपूर्ति गरिदै लगिने छ ।

५.१.५ कार्यालयको अभिलेख तथा व्यवस्थापनलाई चुस्तदुरुस्त वनाई प्रविधीमैत्री एवम् सवै वडा कार्यालयलाई विधुतीय सुशासनमा आबद्ध गरिनेछ ।

### ५.२ सुरक्षा व्यवस्थापन

५.२.१ गाउपालिकाभित्र शान्ति सुरक्षा, अमनचयन कायम राख्न नेपाल सरकारका सुरक्षा निकायहरु नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, अनुसन्धान बिभाग लगायतका निकायहरु संग निरन्तर सहकार्य समन्वय गरि २४ सै घण्टा जनतालाई शान्ति सुरक्षाको अनुभूति दिलाउन गाउँपालिका प्रयासरत रहने छ ।

५.२.२ लागु पदार्थ र मादक पदार्थ सेवन गरि समाजमा शान्ति सुब्यवस्था, सामाजिक सद्भावमा, खलल पुर्याउने जो कोहीलाई कानुनी दायरामा ल्याईने छ ।

## ५.३ सुचना प्रबिधि

५.२.१ चालु आ.व. भित्र कैलाश गाउँपालिकाका सरकारी कार्यालयहरुमा फाइबर ईनटर्नेट जडान गराईनेछ।

## ५.४ स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन

५.४.१ गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण सार्वजनिक जग्गा , मठमन्दिर, गुम्बा, मस्जिद, चर्च, भवन, कार्यालय, खेलमैदान, पर्यटकीय क्षेत्र, संघ–संस्था, जातजाति, धर्म, लिङ्ग, खोला नाला, ताल तलैया, जैबिक बिविधता, प्राकृतिक श्रोत आदीको तथ्याङ्क संकलन गरि अभिलेख ब्यवस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरिने छ ।

## ५.५ सुशासन प्रवर्द्धन

५.५.१ गाउपालिका अन्तरगतका सबै सरकारी कार्यालयहरुमा सवै खालै सेवाग्राहीहरुको जानकारीका लागी नागरिक वडा पत्र राखिने छ ।

५.५.२ जनताको गुनासोको सम्बोधन गर्न सबै सरकारी कार्यालयहरुमा उजुरी तथा सुझाव पेटिका राखिने छ ।

५.५.३ योजना अनुगमन तथा कार्यान्वयन प्रकृयामा प्रत्यक्षरुपले जनप्रतिनीधि र कर्मचारीहरुलाई जवाफदेही र जिम्मेवार बनाई सुचकमा आधारित अनुगमन प्रणाली संचालनमा ल्याईनेछ।

५.५.४ गाउँपालिकाले गरेका गतिबिधिहरु झल्किने जानकारी मुलक चौमासिक बुलेटिन प्रकाशन गरिने छ ।

५.५.५ सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता सुशान प्रवर्द्धनका माध्याम मार्फत पारदर्शिता कायम गरि काम कार्वाहीलाई चुस्त दुरुस्त बनाईनेछ।

## ५.६ नगर प्रहरी परिचालन

५.६.१ गाउँपालिकाको निर्णय कार्यान्वयन विकास निर्माणमा समन्वय र अन्य आवश्यक कार्यमा परिचालन गर्ने गरि नगर प्रहरी भर्ना तथा परिचालन गर्न नीतिगत व्यवस्था गरिनेछ।

## ५.७ अनुसन्धान तथा बिकास

५.७.१ समृद्धिका लागि गाउँपालिकाभित्रका हरेक क्षेत्रको बौद्धिक वर्ग, र बिषय बिज्ञ अनुभवी ब्यक्तित्वहरु सम्मिलित सल्लाह सुझाव लिई सो समितिको निर्णय, अध्ययन अनुसन्धान पश्चात बिभिन्न क्षेत्रको बिकास योजनाको गुरुयोजना बनाई कार्यारम्भ गरिने छ ।

## ५.८ प्रधानमन्त्री रोजगार कार्यक्रम

५.८.१ देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ ।

५.८.२ स्थानीय तहका रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूति गराइनेछ ।

५.८ COVID-19 को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ ।

५.८.४ दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

५.८.५ संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

५.८.६ बैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

५.८.७ श्रम सम्बन्धलाई प्राथमिकता दिदैं सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ ।

५.८.८ रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ ।

५.८.९ पालिका स्तरिय विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

५.८.१० युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई थप सशक्त रुपमा सञ्चालन गरिनेछ ।

५.८.११ महिला तथा पुरुष कामदारहरुलाई हरेक काममा समान ज्याला उपलब्ध हुने गरि नीतिगत व्यवस्था कायम गरिनेछ।

५.८.१२ यस गाउँपालिकाका भित्र बसोबास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकताबाट बञ्चित नहोउन भन्ने उद्देश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकता हुनेछ ।

**६. विविध**

६.१ प्रदेश सरकार तथा संघीय सरकार संगको साझेदारी, सहकार्य, सह–लगानीमा संचालन हुने सडक, खानेपानी, सिचाई, भवन, जलबिद्युत आयोजना, पर्यटन बिकास, कृषि, पशुर्पक्षि बिकासजस्ता योजनाहरुको समपुरक कोष स्थापना गरि कार्यन्वयनका लागी पहल गर्ने ।

६.२ लागु औषध, मादक पदार्थको उत्पादन र बिक्री बितरणलाई पूर्णरुपमा बन्देज गर्न प्रशासनसंग सहकार्य गरि कार्यक्रम संचालन गर्ने ।

६.३ युवाहरुलाई खेलकुदप्रति आकर्षण बढाउन खेलकुद मैदान निर्माण प्रशिक्षण बिभिन्न प्रतोयोगिता आयोजना, गा.पा. बाहिरका खेलकूदहरुमा सहभागी जनाउन र खेल सामाग्रीहरु बितरण गर्न आवश्यक बजेट बिनियोजन गरिने छ ।

६.४ सम्पूर्ण वडाहरुमा चौमासिक रुपमा कार्यालय संचालन खर्च पठाईने ब्यवस्था मिलाउने छ।

६.५ वडाहरुको कार्यसम्पादन मुल्याङ्कनको आधारमा बिकास निर्माणसम्बन्धि योजनाहरु थपघट गरि अनुदान रकम निश्चित गरिनेछ ।

६.६ कैलाश मार्गको बिचबाट दायाँबायाँ १०–१० मिटर गरि २० मिटर भित्रमा र अन्य शाखा सडकको दाया बाया ५–५ मिटर गरि १० मिटर भित्र कुनै पनि पूर्वाधार निर्माण गर्न रोक लगाईने छ ।

६.७ जुवातास खेल्ने कार्यलाई प्रतिबन्द गरिनेछ, अबैध चोरीशिकारी, नदिनालामा बिष हाल्ने कार्यलाई कडाईकासाथ बन्द गरिनेछ, कानुन बमोजिम दण्डनीय हुने सबै प्रकार हिंसा र बिभेदलाई पूर्णरुपमा अन्त्यका लागि कार्यक्रमहरू अगाडी बढाईनेछ ।

६.८ सेवानि:बृत्त हुने वा भैसकेका कैलाश गाउँपालिकाका कर्मचारीहरुको हकहित र सेवाका लागि अवकास तथा कल्याणकोष स्थापना गरि आवश्यक बजेट बिनियोजन गरि भुक्तानी प्रकृयालाई अगाडी बढाईने छ ।

६.९ आफ्ना आमा, बुबा, बाजे, बज्यै वा नजिकका र असहाय आफन्तको उचित लालनपालन, स्वास्थ्य उपचार, हेरचाह नगर्ने, हेला, हिंसा, भेदभाव र घृणा गर्ने हकदार, अंशियार र सक्षम नजिकको आफन्तहरुलाई गाँउपालिकाबाट हुने सबै सेवा सुबिधा रोक्का, स्थागित र बन्द गरिनेछ।

६.१० समाजको कुरिती र बिसंगतिको रुपमा रहेका वालबिवाहलाई न्युनिकरण गर्नका लागी त्यस्ता बिवाहरुलाई सामाजिक बहिस्कार गर्ने, र जनप्रतिनीधि, सरकारी कर्मचारी, गैर सरकारी संस्थाका कर्मचारी, राजनीतिक नेतृत्व, समाजका अन्य लब्धप्रतिष्ठित ब्यक्ति हरुलाई सहभागी नहुन अनुरोध गरिने छ, जनप्रतिनीधि र कर्मचारीहरु अटेर गरि सहभागी भएमा प्रचलित कानुन वमोजिम कार्वाही अगाडी बढाईने छ ।

६.११ गाउँपालिकाको लक्ष्य, उद्देश्य प्राप्तिको लागी आफ्नो जिम्मेवारी बहन गर्न समर्पित भई लागी पर्ने जनप्रतिनीधि, उपभोक्ता समिति, सामान्य प्रशासन, वडा सचिव, शिक्षा स्वास्थ्य, कृषि, पशु, प्रविधिक, कर्मचारीहरु लाई नगद सहित सम्मान र पुरुस्कृत गरिने छ ।

६.१२ गाउँसभाबाट पारित नीति तथा कार्यक्रम, योजना बजेटको कार्यान्वयन र लगाएका कर हरु उठाउनको लागी गाउपालिकाको सहयोगमा गठन भएका टोल बिकास समिति , सरसफाई समिति, कृषि, पशु, स्वास्थ्य, शिक्षा, उपभोक्ता समिति, सहकरी र लक्षित समुहका समितिहरुलाई ब्यापक परिचालन गरिने छ ।

६.१३ नागरिक अभिनन्दन : समाज विकास तथा गाउँपालिकालाई प्रत्यक्ष, परोक्ष आर्थिक, भौतिक तथा अन्य सहयोग गर्नेलाई नागरिक अभिनन्दन गरिनेछ ।

६.१४ गाउँपालिकामा नागरिकहरुलाइ आपद विपद अवस्थामा सहजै पुन स्थापना राहत र उद्धारका लागी गाउपालिकाको उपयुत्त स्थानहरुको पहिचान गरि हेली प्याड निर्माण गरिनेछ ।

अन्तमा वजेटको वारेमा विनियोजन विद्येयकमा उल्लेख गरेको छु र यस नीति तथा कार्यक्रम तयार गर्ने सहयोग गर्नु हुने जनप्रतिनीधिज्युहरु, कर्मचारी मित्रहरु र कार्यापलिका बैठक र विभिन्न विषयगत समितिहरु गाउसभामा गरिमामय उपस्थिति जनाउनु हुने माननिय सदस्य ज्युहरु सबैमा हार्दिक धन्यबाद तथा आभार ब्यक्त गर्दै यो नीति तथा कार्यक्रम आफ्नो अमुल्य सुझाव दिई समृद्ध कैलाश निर्माणको कार्य सहभागी आग्रह गर्दै यो नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गरिदिनु हुन माननीय सदस्यज्युहरुमा अनुरोध गर्दछु ।